# अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०७७

**प्रस्तावनाः**

लिसंखु पाखर गाउँपालिकाको आ.व.२०७७/०७८ को गाउँसभाबाट पारित नीति तथा कार्यक्रम बमोजिम स्वीकृत अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम मार्फत गाउँपालिकावासीहरुलाई व्यवसायिक कृषि तथा पशुपन्छीमा आधारित उद्यम व्यवसाय, वन (जडीवुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय, पर्यटन प्रवर्द्धनमा आधारित उद्यम व्यवसाय, उत्पादनमूलक उद्यम व्यवसाय, निर्माणमा आधारित उद्यम व्यवसाय, सेवामूलक उद्यम व्यवसाय लगायतका अन्य पहिचान गरिएका क्षेत्रहरुमा वैदेशिक रोजगारीबाट फर्किएका तथा गाउँपालिकामै रहेका वेरोजगार नागरिकहरुलाई उद्यम व्यवसायहरुमा आकर्षित गर्न, गाउँपालिकाबासीहरुलाई स्वरोजगार, व्यवसायीक एवं उद्यमी बनाउन, आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न तथा उद्यमशीलता विकासका लागि आवश्यक सहयोग प्रदान गरी गाउँपालिकाको विशेषतामा आधारित लघु, घरेलु, साना एवं मझौला उद्यम व्यवसायहरुको विकास एवं प्रवर्द्धन गर्न वाञ्छनीय भएकाले समाजवाद उन्मुख अर्थतन्त्रको विकासका लागि टेवा पुर्‍याउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम लिसंखु पाखर गाउँकार्यपालिकाको मिति २०७७ भाद्र २२ गतेको बैठकले निर्णय गरी **अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०७७** जारी गरिएको छ ।

## परिच्छेदः १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस निर्देशिकाको नाम **अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०७७** हुनेछ ।

ख) यो निर्देशिका गाउँ कार्यपालिकाबाट पारित भै लिसंखु पाखर गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

**२. परिभाषाः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः**

क) **"निर्देशिका"** भन्नाले लिसंखु पाखर गाउँपालिकाको **अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०७७** लाई सम्झनु पर्दछ ।

ख)**"गाउँपालिका"** भन्नाले **लिसंखु पाखर गाउँपालिका**लाई सम्झनु पर्दछ ।

ग) **"अध्यक्ष"** भन्नाले **लिसंखु पाखर गाउँपालिका**को अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) **"उपाध्यक्ष"** भन्नाले **लिसंखु पाखर गाउँपालिका**को उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ङ.) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले लिसंखु पाखर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

च)**"विषयगत समिति"** भन्नाले लिसंखु पाखर गाउँपालिकाको कार्यसम्पादन तथा कार्यविभाजन नियमावली अन्तर्गत गठित विषयगत समितिलाई सम्झनुपर्दछ ।

छ) **"तालिम"** भन्नाले लिसंखु पाखर गाउँपालिकामा बसोवास गर्ने नागरिकहरुलाई श्रम बजारको लागि वा स्वरोजगार सिर्जना गर्नका लागि सीप तथा व्यवसायिक दक्षता एवं क्षमता अभिबृद्धि गर्ने उद्देश्यले गाउँपालिकाले संचालन गर्ने तालिमलाई सम्झनु पर्दछ ।

ज) **"प्रशिक्षक"** भन्नाले यस निर्देशिका बमोजिम संचालन हुने तालिम कार्यक्रमका लागि छनौट भएका विषय विज्ञ वा आमन्त्रित विशेषज्ञलाई सम्झनु पर्दछ ।

झ) **"प्रशिक्षार्थी"** भन्नाले यस निर्देशिका बमोजिम संचालन हुने तालिम कार्यक्रम मार्फत प्रशिक्षण लिन छनौट भएका गाउँपालिकाका नागरिकहरुलाई सम्झनु पर्दछ ।

ञ) **"उद्योग"** भन्नाले लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगलाई सम्झनु पर्दछ ।

ट) **"उद्योग व्यवसाय"** भन्नाले अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम निर्देशिका,२०७७ लाई कार्यान्वयन गर्न गाउँपालिकाको तर्फवाट प्रदान गरिने व्याज अनुदान सम्बन्धी कार्यविधिको अनुसूचीमा उल्लेख भएका उद्योग व्यवसायलाई सम्झनु पर्दछ ।

ठ) **"कार्यक्रम"** भन्नाले अध्यक्ष उद्यमशीलता विकास कार्यक्रमलाई सम्झनु पर्दछ ।

ड) **"सञ्चालक समिति"**भन्नाले अध्यक्ष उद्यमशीलता विकास कार्यक्रमको लागि गठन भएको सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

ढ) **"कोष"**भन्नाले लिसंखु पाखर गाउँपालिकाले आफ्नो वार्षिक वजेटवाट अध्यक्ष उद्यमशीलता विकास कार्यक्रमका लागि विनियोजित गरिएको रकम, कार्यक्रमलाई सहयोग गर्न चाहने दातृ निकाय, सरकारी तथा गैरसरकारी संघ संस्था लगायतबाट प्राप्त रकमलाई सम्झनु पर्दछ ।

ण) **"कार्यक्रम संयोजक"**भन्नाले अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम निर्देशिका,२०७७ को कार्यक्रम संयोजकलाई सम्झनु पर्दछ ।

त) **"ब्याज अनुदान"**भन्नाले अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०७७ वमोजिम उद्यम तथा व्यवसाय संचालन गर्न दिइने कर्जामा लाग्ने ब्याज रकममा प्रदान गरिने अनुदानलाई सम्झनु पर्दछ ।

## परिच्छेद-३

## उद्देश्य

**३) उद्देश्यः**

**अध्यक्ष उद्यमशिलता विकास कार्यक्रम निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछः-**

क) वैदेशिक रोजगारीवाट फर्किएका तथा गाउँपालिकामै रहेका वेरोजगार नागरिकहरुलाई उद्यम व्यवसायमा आकर्षित गरी निर्वाहमुखी परम्परागत कृषिलाई औद्योगिक तथा व्यावसायिक कृषिमा रूपान्तरण गर्न, पर्यटन व्यवसायमा लगानी गरी अझ भरपर्दो र गुणस्तरीय पर्यटन व्यवसायको प्रवर्द्धन गर्न, पशुपन्छी पालनमा आधारित उद्योग व्यवसायको विकास एवं प्रवर्द्धन गर्न, वनमा आधारित उद्यमको विकास एवं प्रवर्द्धन गर्न, उत्पादनमूलक उद्यम व्यवसाय, निर्माणमा आधारित उद्यम व्यवसाय, सेवामूलक उद्यम व्यवसाय लगायतका अन्य क्षेत्रहरुमा गाउँपालिको विशेषता वमोजिम लघु, घरेलु, साना तथा मझौला उद्योगको थप विकास एवं प्रवर्द्धन  गर्न, उत्पादन, उत्पादकत्व वृद्धि तथा नवप्रवर्तनका आधारमा संचालन हुने उत्पादनमूलक प्रतिफलमुखी उद्यम व्यवसायहरुलाई आवश्यक सहयोग गर्ने ।

ख) गाउँपालिकामा दक्ष जनशक्ति तयार गर्ने, सीप र दक्षता विकास गरी गाउँपालिकावासीको आय आर्जन बृद्धिमा टेवा पुरयाई जीबनस्तरमा सुधार ल्याउन मद्दत पुर्‍याउने ।

ग) गाउँपालिका मै रोजगारीका अवसरहरुको श्रृजना गरी गाउँपालिकावासीहरुको सीप र कार्यक्षमता बढाई आत्मनिर्भर बन्न अभिप्रेरित गर्ने ।

घ) कार्यक्रमलाई दिगो ढंगले सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय सरकार तथा सम्बन्धित मन्त्रालय, विभाग, दातृ निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग उद्यमशीलता विकास तालिम, प्रशिक्षण, औद्योगिक पूर्वाधार विकास एवं बजार पहुँच विस्तारका लागि आवश्यक समन्वय र सहकार्य गर्ने ।

ङ) गाउँपालिका क्षेत्रमा उत्पादन एवं उत्पादकत्व वृद्धि गर्न उद्यम तथा व्यवसाय विकास र प्रवर्द्धनमा जोड दिई समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकासमा टेवा पुर्‍याउने, **समृद्ध नेपालः सुखी नेपाली**को राष्ट्रिय संकल्पलाई साकार वनाउन सहयोग पुर्‍याउने ।

## परिच्छेदः ४

## सञ्चालक समिति

### ४) सञ्चालक समितिः

अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको  अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम सञ्चालक समिति रहनेछ ।

| | |
|---|---|
| क) अध्यक्ष, लिसंखु पाखर गाउँपालिका | अध्यक्ष |
| ख) उपाध्यक्ष, लिसंखु पाखर गाउँपालिका | सदस्य |
| ग) गाउँकार्यपालिका आर्थिक विकास समितिको संयोजक | सदस्य |
| घ.) नेपाल उद्योग वाणिज्य संघ, गाउँपालिका शाखा, प्रमुख | सदस्य |
| ङ) गाउँपालिकास्तरीय सहकारी संजालका प्रमुख | सदस्य |
| च) महिला,  दलित,  अपांगता भएका व्यक्ति, पिछडिएको वर्ग क्षेत्रमध्येबाट | |
| गाउँपालिका अध्यक्षले मनोनित गरेका | २ जना सदस्य |
| छ) वडाध्यक्ष र कार्यपालिका सदस्य मध्ये गाउँकार्यपालिकाको निर्णय बमोजिमका | २ जना सदस्य |
| ज) गाउँपालिका अध्यक्षले मनोनित गरेका १ जना कार्यक्रम संयोजक | सदस्य |
| झ) प्रमुख प्रशासकीय अधिकृत, लिसंखु पाखर गाउँपालिका | सदस्य सचिव |

आवश्यकता अनुसार अन्य पदाधिकारी, विषय विज्ञ तथा कर्मचारीहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद-५

## सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकार

### ५)  सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकारः

अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछः

क) वैदेशिक रोजगारीवाट फर्किएका तथा गाउँपालिकामै रहेका वेरोजगार नागरिकहरुलाई उद्यम व्यवसायमा आकर्षित गरी निर्वाहमुखी परम्परागत कृषिलाई औद्योगिक तथा व्यावसायिक कृषिमा रूपान्तरण गर्न, पर्यटन व्यवसायमा लगानी गरी अझ भरपर्दो र गुणस्तरीय पर्यटन व्यवसायको प्रवर्द्धन गर्न, पशुपन्छी पालनमा आधारित उद्योग व्यवसायको विकास एवं प्रवर्द्धन गर्न, वनमा आधारित उद्यमको विकास एवं प्रवर्द्धन गर्न, उत्पादनमूलक उद्यम व्यवसाय, निर्माणमा आधारित उद्यम व्यवसाय, सेवामूलक उद्यम व्यवसाय लगायतका अन्य क्षेत्रहरुमा गाउँपालिकाको विशेषता वमोजिम लघु, घरेलु, साना तथा मझौला उद्योगको थप विकास एवं प्रवर्द्धन  गर्न, उत्पादन, उत्पादकत्व वृद्धि तथा नवप्रवर्तनका आधारमा संचालन हुने उत्पादनमूलक प्रतिफलमुखी उद्यम व्यवसायहरुको विकास तथा सञ्चालनका लागि आवश्यक सहयोग गर्ने र सोका लागि गाउँपालिका स्तरीय प्रोफाइल, गुरुयोजना, नीति, रणनीति, कार्यक्रम र वजेट निर्माण गर्ने, गराउने ।

ख) गाउँपालिका क्षेत्रमा स्वरोजगारी तथा उद्यम विकास गर्न आवश्यक सचेतना, तालिम तथा  ब्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्ने ।

ग) गाउँपालिका क्षेत्रमा स्वरोजगार तथा उद्यमी बन्न चाहनेहरुलाई आह्वान गरि सूचि तयार गर्ने ।

घ) स्वरोजगार तथा उद्यमी बन्न चाहनेहरुको आवश्यकता पहिचान गरी क्षमता विकास तथा व्यवसाय संचालन गर्न अभिप्रेरित गर्ने ।

ङ) गाउँपालिका क्षेत्रमा व्यवसाय छनौट गरेका व्यक्तिहरुलाई व्यवसाय संचालनको लागी आवश्यक सहजिकरण गर्ने ।

च) कार्यक्रम अन्तर्गत उद्यम तथा व्यवसाय गर्न चाहने गाउँपालिकाबासीलाई परियोजना प्रस्ताव तथा बैंकिङ प्रक्रियाका लागि आवश्यक सहयोग गर्ने ।

छ) गाउँपालिका क्षेत्रका व्यबसायीक उत्पादनलाई बजारिकरणको लागि आवश्यक प्रवन्ध गर्ने ।

ज) छैटौ गाउँसभावाट पारित नीति,कार्यक्रम र स्वीकृत बजेट अनुसार चालु आ.व. ०७७/०७८ मा अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम व्याज अनुदान कार्यविधि अनुसार सञ्चालन गर्ने र आगामी आ.व.का लागि आवश्यक नीति, कार्यक्रम र बजेट गाउँसभामा प्रस्ताव गर्ने, स्वीकृत भए अनुसार कार्यक्रम सञ्चालन गरि कार्यान्वयन गर्ने ।

झ) सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि वमोजिम कार्यक्रम लागु गर्ने गराउने ।

ञ) गाउँपालिका भित्रका उद्यम व्यवसायहरुको अनुगमन गर्ने, देखिएका समस्याहरुलाई समाधान गर्ने, सहमती अनुसार उद्यम व्यवसायहरु संचालन भएको नदेखिए संझौता वमोजिम कारबाही अघि बढाउने ।

ट) कार्यक्रमलाई दिगो ढंगले सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय सरकार तथा सम्बन्धित मन्त्रालय, विभाग, दातृ निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग उद्यमशीलता विकास तालिम, प्रशिक्षण, औद्योगिक पूर्वाधार विकास एवं बजार पहुँच विस्तारका लागि आवश्यक समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने ।

ठ) तालिम कार्यक्रमको पाठ्यक्रम स्वीकृत गर्ने, तालिम कार्यक्रम संचालन गर्न अध्यक्ष उद्यमशीलता विकास कार्यक्रमको कार्यकारिणी समितिलाई निर्देशन दिने ।

ड) अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम निर्देशिका तथा व्याज अनुदान कार्यविधि वमोजिम छनौट भएका उद्यमी तथा व्यवसायीहरुको अन्तिम नामावली प्रकाशन गर्ने ।

ढ) ब्याज अनुदान कार्यक्रम संचालन गर्न एक कोषको स्थापना गर्ने र छनौट भएका उद्यमी तथा व्यवसायीहरुसँग संझौता गरी ब्याज अनुदान स्वीकृत गर्ने ।

ण) उद्यम तथा व्यवसायको सन्दर्भमा दातृ निकाय, संघ संस्था एवं सम्बन्धित निकायहरुसँग अनुभव आदान प्रदान गर्ने, आवश्यकता बमोजिम अध्ययन, अवलोकन भ्रमण कार्यक्रमको स्वीकृत गर्ने ।

त) सञ्चालक समितिले आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ । उपसमितिको काम, कर्तव्य र अधिकार सञ्चालक समितिले तोके वमोजिम हुनेछ ।

थ) सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि वमोजिम गठन हुने समन्वय तथा अनुगमन समितिको प्रतिवेदन उपर आवश्यक निर्णय गरी कार्यपालिका वैठकमा पेश गर्ने ।

द) वर्षमा एक पटक गाउँपालिका स्तरीय उद्यमशीलता सम्मेलनको आयोजना गर्ने ।

## परिच्छेद-६

## कार्यकारिणी समिति

यस निर्देशिका बमोजिम ऋण लगानीको लागि सिफारिस गर्न, प्राप्त निवेदन उपर आवश्यक छानबिन गरी राय/निर्णय सहित संचालक समिति समक्ष पेश गर्न वडा मार्फत लगानी भएका ऋण परियोजनाको अनुगमन, मूल्यांकन गरी पृष्ठपोषण संचालक समिति समक्ष पेश गर्न तपशिल बमोजिमको एक कार्यकारिणी समिति रहनेछ।

१. संयोजकः अध्यक्ष

२. सदस्यः उपाध्यक्ष

३. सदस्य : कार्यपालिका/वडा सदस्य मध्ये १ जना

४. सदस्य : कार्यक्रम संयोजक

५. सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत

समितिको बैठकमा कार्यक्रम संचालन हुने वडाको वडाध्यक्ष आमन्त्रीत सदस्य रहनेछ।

## परिच्छेद ७

## कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार

१. परियोजना एवं कार्यक्रम संचालन क्षेत्रको पहिचान गर्ने

२. प्राप्त निवेदन तथा प्रस्तावनाहरुको प्राराम्भिक छानविन गर्ने

३. कार्यक्रम कार्यान्वयनको लागि आवश्यक नीति निर्माण गर्नका लागि संचालक समिति समक्ष राय सुझाव पेश गर्ने

४. कार्यक्रमको लागि लगानी अवधि एवं ब्याजदर परिवर्तन गर्न आवश्यक भए संचालक समितिमा कारण सहित खुलाई संचालक समितिमा पेश गर्ने

५. असुलीको सम्बन्धमा बैंकबाट अनुरोध प्राप्त भएमा आवश्यक सहजीकरण गर्ने

६. समयमै साँवा र व्याज भुक्तानी नगर्ने तथा ऋणको दुरुपयोग गर्नेलाई सम्झौता अनुसार किस्ता बुझाउन तथा रकम फिर्ता गर्न सूचना एवं आवश्यकता अनुसार निर्देशन दिने

७. उद्यम विकासका लागि लक्षित समुदायका व्यक्ति वा समूह पहिचान गरी ऋण लगानीको वातावरण निर्माण गर्ने

८. कार्यक्रम अन्तर्गत वडाहरुमा संचालित उद्यम कार्यक्रमहरुको अनुगमन,निरीक्षण, मुल्यांकन गरी राय सहित संचालक समितिमा प्रतिवेदन पेश गर्ने

९. कार्यक्रमबाट उत्पादित वस्तु तथा सेवाको बजारीकरणमा सहयोग पुर्‍याउँने

१०. कार्यक्रमको समग्र मूल्यांकन गरी संचालक समिति समक्ष पृष्ठपोषण पेश गर्ने।

## परिच्छेद ८

## तालिम सम्बन्धी व्यवस्था

क) अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम मार्फत स्वरोजगार बन्ने तथा उद्यम व्यवसाय विकास गर्न चाहने गाउँपालिकामा स्थायी वसोवास गर्ने नागरिकहरुलाई आवश्यक तालिमको ब्यवस्था गरिनेछ। व्यवसाय सचेतना तालिम, मागमा आधारित व्यवसायिक तालिम तथा विशेष स्वरोजगारमूलक तालिमका लागि छनौट भएका आवेदकहरुलाई तालिमको व्यवस्था गरिनेछ।

ख) तोकिएको मिति भित्र रितपूर्वक पर्न आएका दरखास्त फाराममा उल्लेखित विवरणका आधारमा कार्यालयले मापदण्ड तयार गरी अन्तर्वार्ताका लागि पेश गरेको फाराममा अन्तर्वार्ता वापतको अङ्क प्रदान गरी योग्यताक्रम अनुसार वढि अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई तालिममा सहभागिताको लागि तोकिएको सिट संख्यामा छनौट गरिनेछ। छनौट गर्दा समावेशीतालाई पनि विशेष प्राथमिकतामा राखिने छ। अन्तर्वार्तामा सहभागीहरु आवश्यकता भन्दा वढि भएमा तालिमको लागि तोकिएको संख्यामा २० प्रतिशतसम्म प्रतिक्षा सूचिमा राखिनेछ।

ग) गाउँपालिकाको आयोजनामा व्यवसाय सचेतना अभिमुखीकरण लिएका व्यक्तिलाई उनीहरुको रुचि र व्यवसाय छनौटको आधारमा व्यवसायिक तथा विशेष स्वरोजगारमूलक तालिम प्रदान गरिनेछ । स्वतः स्फूर्त रुपमा स्वरोजगार तथा उद्यमी बन्न गाउँपालिकामा सूचिकृत भएका व्यक्तिलाई समेत आवश्यक तालिम तथा सहयोग गरिनेछ ।

## परिच्छेद-९

## तालिम सञ्चालन तथा व्यवस्थापन

**९) तालिम सञ्चालन तथा व्यवस्थापनः**

क) उद्यमशीलता विकास तालिम सञ्चालन गर्दा औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको प्रशिक्षक प्रशिक्षण तालिम लिएका वा गरेका प्रशिक्षकहरुको व्यवस्था गरिने छ । आर्थिक, कानुन विषयका विषय विज्ञ लगायत अन्य क्षेत्रका विशिष्ट व्यक्ति, नेपाल सरकारको प्रथम श्रेणी अधिकृत वा सो भन्दा माथिल्लो योग्यताका सम्बन्धित विषयका विज्ञ व्यक्ति वा नमूना उद्यमिलाई विशिष्ट आमन्त्रीत प्रशिक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

ख) सहभागी प्रशिक्षार्थीहरुलाई निःशुल्क तालिम प्रदान गरिनेछ र गाउँपालिकाले खर्च व्यहोर्ने गरी प्रशिक्षार्थीलाई कुनै किसिमको भत्ता व्यवस्था हुने छैन ।

ग) तालिम सम्बन्धमा, तालिम संचालन कार्यविधि संचालक समितिबाट स्वीकृत गरी सोही कार्यविधि बमोजिम तालिम संचालन गरिनेछ ।

## परिच्छेद-१०

## अन्य व्यवसायिक तालिम

**१०) अन्य व्यवसायिक तालिमः**

अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत व्यवसाय सचेतना अभिमुखीकरण लिएका व्यक्तिलाई वा अन्य स्वरोजगार तथा उद्यमशीलता कार्यक्रममा सहभागि हुन सुचिकृत व्यक्तिलाई व्यवसायीक तालिम प्रदान गरिनेछ । लामो अवधि वा विशेष खालको तालिम सञ्चालन गर्न आवश्यक भएमा तालिम प्रदायक संस्थासँग सम्झौता गरी तालिम संचालन गरिनेछ ।

## परिच्छेद-११

## उद्यमशिलता विकास कार्यक्रमका क्षेत्रहरु

**११) उद्यमशिलता विकास कार्यक्रमका क्षेत्रहरु**

निम्न क्षेत्रहरुलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिनेछ ।

(क) उत्पादनमूलक उद्योग व्यवसाय

(ख) व्यवसायिक कृषि तथा पशुपन्छीमा आधारित उद्यम व्यवसाय

(ग) वन (जडीवुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय

(घ) पर्यटन प्रवर्द्धनमा आधारित उद्यम व्यवसाय

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय

(च) सेवामूलक व्यवसाय

(छ) हस्तकलासंग सम्बन्धित उद्यम व्यवसाय

(ज) स्थानिय स्रोत, साधन र सीप उपयोग गरी संचालन गरिने उद्यम व्यवसाय

(झ) सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधिको अनूसूचीमा उल्लेख गरिएका उद्यम व्यवसाय सूचीमा उपलव्ध गराइएका विवरणसँग सम्बन्धित तालिम संचालन गर्नु पर्ने भनि ठहर गरिएका उद्यम व्यवसायहरु ।

(ञ) संचालक समितिले आवश्यक ठानेका अन्य क्षेत्रहरु ।

## परिच्छेद-१२

## कार्यक्रममा सहभागी छनौटका आधारहरु

**१२) कार्यक्रममा सहभागी छनौटका आधारहरुः**

परिच्छेद-११ मा उल्लेखित उद्यम व्यवसाय क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा कार्य गर्न इच्छुक उद्यमी वा समुहलाई उद्यम व्यवसाय सञ्चालन गर्नका लागि अन्य कुराको अलावा देहायका छनौट आधारहरु निर्धारण गरिएको छ ।

(क) १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको गाउँपालिकाको स्थायी वासिन्दा हुनुपर्ने ।

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ।

(ग) सरकारी तथा गैर सरकारी संघ संस्थाको चल अचल सम्पतिको दुरुपयोग नगरेको ।

(घ) कम्तीमा आधारभूत तहको (कक्षा ८ उर्तीण) शिक्षा हासिल गरेको वा परम्परागत साक्षर र सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको अनुभव हासिल गरेको ।

(ङ) गाउँपालिका भित्र उद्यम व्यवसाय न्यूनतम् ७ (सात) वर्ष संचालन गर्ने लिखित प्रतिवद्धता व्यक्त गरेको ।

(घ) गाउँपालिकालाई वुझाउनु पर्ने कर, दस्तुर तथा शुल्क भुक्तानी गरेको ।

माथि उल्लेखित वाहेक उद्यमी, व्यवसायी तथा स्वरोजगार बन्न गाउँपालिकामा आवेदन दिएका आवेदकहरुलाई देहायको आधारमा छनौट गरिनेछः

| | |
|---|---|
| • परियोजना स्किम | ३५ अंक |
| • आवेदकको स्वरोजगार तथा उद्यमशीलताका लागि रुचि | २० अंक |
| • छानेको विषयमा आवेदकको आधारभूत ज्ञान | २० अंक |
| • आवेदकको सो कामका लागि अनुभव | १० अंक |
| • तालिम | १० अंक |
| • शैक्षिक योग्यताः | ५ अंक |

उपरोक्त अंकभारमा गरिएको मुल्यांकनको आधारमा आवेदकको छनौट गरिनेछ ।

## परिच्छेद-१३

## अध्यक्ष उद्यमशीलता विकास कार्यक्रमको सचिवालयको काम, कर्तव्य र अधिकार

**क) अध्यक्ष उद्यमशीलता विकास कार्यक्रमको सचिवालयः**

अध्यक्ष उद्यमशीलता विकास कार्यक्रमको मुख्य सचिबालय लिसंखु पाखर गाउँकार्यपालिकाको कार्यालयमा रहने छ । प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा सचिवालय रहने छ ।

**ख) सचिवालयको काम, कर्तव्य र अधिकार**

१) अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम सञ्चालक समितिको सचिबालयका रुपमा निर्णय कार्यान्वियन गर्ने ।

२) तालिम सञ्चालनका लागि सूचना प्रकाशन गर्ने, पर्न आएका निवेदनहरुको सम्बन्धमा कार्यकारिणी समितिको निर्णय बमोजिम संक्षिप्त सूची प्रकाशित गर्ने ।

३) प्रकाशित सूचना अनुसार  तालिमको लागि निवेदन दिन आएका इच्छुक नागरिकहरुलाई अनुसुची-१ र वैदेशिक रोजगारबाट फर्की गाउँपालिकामा नै उद्यम व्यवसाय गर्न चाहने व्यक्तिहरुका लागि अनुसूची-२ वमोजिमको निवेदन ढाँचा फारम वितरण गर्ने र पर्न आएका निवेदन संकलन गर्ने ।

४) प्रकाशित संक्षिप्त सूचीका आधारमा प्रशिक्षार्थी छनौंट गर्न कार्यकारिणी समिति समक्ष पेश गर्ने ।

५) छनौट भएका प्रशिक्षार्थीहरुलाई तालिम व्यवस्थापन लगायतका कामलाई सहजीकरण गर्ने ।

६) अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम सञ्चालक समितिले स्वीकृत गरेको कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन लागत प्रस्ताव तयार गर्ने र स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्ने ।

७) स्वीकृत कार्यक्रममा भएको  खर्चको सक्कल विल  भपाईको श्रेस्ता लगायत सम्पूर्ण अभिलेख कार्यकारिणी समिति एवं संचालक समिति समक्ष पेश गर्ने ।

८) तालिम/प्रशिक्षण तथा कार्यक्रम सम्बन्धमा कुनै द्विविधा भए परिच्छेद-४ मा उल्लेखित समितिसँग आवश्यक निर्देशन माग गरी प्राप्त निर्देशनानुसार कार्य गर्ने ।

९) तालिम प्राप्त प्रशिक्षार्थीहरुको फोटो सहित अध्यावधिक विवरण राख्ने ।

## परिच्छेद-१४

## कार्यक्रम संयोजक सम्वन्धी व्यवस्था

**१४) कार्यक्रम संयोजक सम्वन्धी व्यवस्थाः**

क) अध्यक्ष उद्यमशीलता विकास कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कम्तिमा स्नातक तह उत्तिर्ण गरी विगतमा नेपाल सरकार वा सो सरहको कुनै निकायमा अधिकृत स्तर वा सो सरहको जिम्मेवारी वा सो भन्दा माथिको जुनसुकै तहको जिम्मेवारीमा रही कार्य गरेको अनुभव भएको, ३० वर्ष उमेर पुरा गरेको सम्बन्धित विषयमा ज्ञान हासिल गरेको एकजनालाई कार्यक्रम संयोजक नियुक्ति गरिनेछ । संयोजकलाई सञ्चालक समिति र कार्यालयसंग आवश्यक समन्वय गरि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी हुनेछ । कार्यक्रमले लिएको लक्ष्य हासिल गर्न महत्वपूर्ण समन्वयकर्ताको रुपमा कार्यक्रम संयोजकले भूमिका निर्वाह गर्नु पर्नेछ । साथै संयोजकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१५

## सञ्चालक समिति, कार्यकारिणी समिति र कार्यक्रम संयोजकको सेवा सुविधा

**१५) सञ्चालक समिति र कार्यकारिणी समितिको सेवा सुविधाः**

१) वैठक भत्ता तथा अनुगमन खर्च  नियमानुसार हुनेछ ।

**२) कार्यक्रम संयोजकको सेवा सुविधाः**

नेपाल सरकारको नियम अनुसार अधिकृत स्तरको शुरु स्केलको सेवा सुविधा प्राप्त हुनेछ ।

## परिच्छेदः १६

## प्रगति प्रतिवेदन र प्रकाशन

**१६) प्रगति प्रतिवेदन र प्रकाशन :**

सञ्चालक समितिले तालिम सञ्चालनका मुख्य मुख्य गतिविधि, प्रगति विवरण, अनुगमन तथा उद्यम व्यवसायको विवरण समेतलाई समेटी वार्षिक प्रगति प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-१७

## विविध

**१७) लेखा परीक्षणः** (१) कार्यक्रमको लेखा परीक्षण प्रचलित कानून वमोजिम हुनेछ ।

**१८) बाधा अड्काउ फुकाउन सक्नेः**

यस निर्देशिकामा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा  वा अन्य आवश्यक निर्णय र व्यवस्था गर्नु परेमा सञ्चालक समितिलाई उल्लेखित विषयमा आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन र निर्देशिकाको आवश्यक संशोधन गर्नु पर्ने भए निर्णय गरी कार्यपालिकाको वैठकमा पेश गर्न सक्नेछ । यस निर्देशिकामा लेखिएका कुराहरु यसै वमोजिम र यसमा नलेखिका कुराहरु लिसंखु पाखर गाउँकार्यपालिकाको बैठकको निर्णय अनुसार हुनेछ ।

**१९) वचाउ र खारेजीः**

यो निर्देशिका खारेज भएको खण्डमा पनि यस वमोजिम भए गरेका काम कार्वाहीहरु यसै निर्देशिका वमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(परिच्छेद-११, को (ग) सँग सम्वन्धित)

अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम निर्देशिका,२०७७ वमोजिम तोकिएका क्षेत्रमा उद्यम-व्यवसाय संचालन गर्नका लागि तालिममा सहभागी हुन चाहनेले पेश गर्नुपर्ने

निवेदनको ढाँचा

फोटो

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
लिसंखु पाखर गाउँकार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक ।

**विषय : तालिम कार्यक्रममा सहभागी हुँन पाउँ भन्ने बारे ।**

महोदय,

निम्न लिखित विवरण बमोजिमको उद्योग वा व्यवसाय स्थापना/संचालन वा स्तरोन्नती गर्न अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम निर्देशिका,२०७७ वमोजिम तालिम कार्यक्रममा सहभागी हुनका लागि गाउँपालिकाबाट मिति.................... गते प्रकासित सूचना अनुसार हार्दिक अनुरोध गरेको छु/छौ । पेश गरिएको विवरण ठीक छ । झुठा ठहरेमा प्रचलित कानुन बमोजिम सहुंला बुझाउंला ।

१. दर्ता भएको/स्थापना गर्न चाहेको उद्योग वा व्यवसायको नाम :

२. ठेगाना :

(क) प्रदेश :

(ख) जिल्ला :

(ग) गाउँपालिका :

घ) वडा नं. : ङ) शैक्षिक योग्यता :

च) हालको पेशा व्यवसाय :

छ) प्राप्त अनुभव, सीप :

ज) पेशागत तालिम लिएको, नलिएको :

झ) तालिम लिएको भए तालिम दिने संस्थाको नाम :

ट) तालिम अवधि ........................ देखि................... सम्म

ठ) कुनै कानूनले अयोग्य छ वा छैन ? छ ( ) छैन ( )

चिन्ह लगाउने -√

२. उद्योग/व्यवसायको स्तरः ( (क) लघु ( ) (ख) घरेलु ( ) (ग) साना ( ) मझौला ( )

चिन्ह लगाउने-√

३. उद्योग/व्यवसायको कानुनी रुप - फर्मः ( (क) निजी ( ) (ख) साझेदारी ( ) (ग) प्रा.लि. ( )

चिन्ह लगाउने- √

४. उद्योग व्यवसायको वर्गीकरणः

(क) उत्पादनमूलक उद्योग व्यवसाय ( )

(ख) व्यवसायिक कृषिमा तथा पशुपंक्षिमा आधारित उद्यम व्यवसाय ( )

(ग) व्यवसायिक पशुपंक्षिमा आधारित उद्यम व्यवसाय ( )

(घ) वन (जडीवुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय ( )

(ङ) पर्यटन प्रवर्द्धनमा आधारित उद्यम व्यवसाय ( )

(च) निर्माणमा आधारित उद्यम व्यवसाय ( )

(छ) सेवामूलक उद्यम व्यवसाय ( )

(ज) अन्य (..........................................................) ( )

उल्लिखित व्यहोरा ठिक साँचो हो भनी सही छाप गर्नेः

निवेदकको पूरा

नामथर :

ठेगाना :

दस्तखत :

सम्पर्क फोन :

इमेलः

**पेश गर्नु पर्ने कागजपत्रहरु :**

१. नागरिकताको प्रमाणित प्रतिलिपि ।

२. परियोजना स्मिक (सफ्ट कपी सहित)-१ प्रति ।

३. उद्यम व्यवसाय दर्ता प्रमाण पत्र ।

४. प्यान नम्वर ।

५. प्रवन्ध पत्र, नियमावली ।

६. अन्य तोकिएका कागजपत्रहरु ।

नोट : वैदेशिक रोजगारबाट फर्की गाउँपालिकामा नै उद्यम व्यवसाय गर्न चाहने व्यक्तिले अनुसूची-२ बमोजिमको निवेदन समेत दिनुपर्नेछ ।

अनुसूची- २

(परिच्छेद-११, को (ग) सँग सम्वन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
लिसंखु पाखर गाउँकार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक ।

**विषय : वैदेशिक रोजगारमा रहेको वेलाको विवरण पेश गरेको सम्बन्धमा ।**

महोदय,

गाउँपालिकावाट मिति ....................गते .....................मा प्रकाशित सूचना बमोजिम स्वरोजगार हुनका लागि वैदेशिक रोजगारसम्बन्धी ज्ञान/सीप/तालिम/अनुभवको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी निम्न विवरण सहित उद्यम तथा व्यवसाय संचलान गर्न प्रदान गरिने तालिम प्रयोजनका लागि यो निवेदन पेश गरेको व्यहोरा हार्दिक अनुरोध गर्दछु ।

१. निवेदकको पूरा नाम थर (नेपालीमा)

२. निवेदकको पूरा नाम थर अग्रेजीमा (BLOCK LETTER)

३. जन्म मिति : २०................ साल .......... महिना .......... गते (बिक्रम संवतमा)

४. लिङ्ग : पुरुष/महिला/अन्य :

५) बाबुको पूरा नाम, थर :

६) आमाको पूरा नाम, थर :

७) बाजेको पूरा नाम, थर :

८) पति/पत्नीको पूरा नाम, थर :

९) निवेदकको स्थायी ठेगाना : (क) गा.पा.................................. (ख) वडा नम्बर : .................. (ग) जिल्ला...................................... (घ) प्रदेश : ................................

१०) पत्राचार गर्ने ठेगाना : (क) गा.पा.................................. (ख) वडा नम्बर : ................... .(ग) जिल्ला...................................... (घ) प्रदेश : .............................

(ङ मोवाइल नं:.................................

(च) इमेल : ....................................

११) वैदेशिक रोजगारबाट फर्केपछि हाल नेपालमा के काम गर्दै हुनुहुन्छ ? खुलाउनुहोस्।
..............................................................................................................

१२) वैदेशिक रोजगारी सम्वन्धी विवरण : क) रोजगारीको लागि गएको देश : ....................................... पटक : ........ ........................................

ख) रोजगारदाता कम्पनीको नाम : .............................................

ग) श्रम स्वीकृति लिए/नलिएको: ............................................

घ) काम गरेको अवधि : ......... वर्ष

ङ) पद :- ..................................

च) प्राप्त अनुभव/सीप : ........................................................................

छ) पेशागत तालिम लिए/नलिएको: ............

ज) तालिम लिएको भए तालिम दिने संस्थाको नाम : ....................................

झ) तालिमको अवधि .................... देखि ..................... सम्म

ञ) सीप परीक्षण गरेको भए स्तर (लेभल खुलाउने) : .......................................

ट) नेपाल फर्किएको मिति : ..........साल ..... महिना ....गते

ठ) कुनै कानूनले अयोग्य छ वा छैन ?..........................

उल्लिखित व्यहोरा ठिक साँचो हो भनी सही छाप गर्ने

निवेदक :

दस्तखत : ............................................

नामथर : .................................................

मिति : ................................................

मोवाइल नं. : .......................................